नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२७८ दायर मितिः-२०८१/११/१२**

**वादी** **फैसला मितिः-२०८१/११/१३** **प्रतिवादी**

**प्र.स.नि. भुलेन्द्र कुमार गिरी समेतको प्रतिवेदनले नेपाल सरकार..........................१**

**जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.१८ बस्ने सेवक महतोको छोरा वर्ष ४० को शिवलाल महतो........१**

प्रस्तुत मुद्दा यस कायालयका क्षत्राधकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**<u>तथ्य-खण्ड</u>**

१. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।
२. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का
३. मैले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका रुपेश साह समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।

**<u>ठहर-खण्ड</u>**

यसमा मिति २०८१।१०।२४ गते राती अं.००:१५ बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.२१ परवानीपुर स्थित प्रतिवादी शिवलाल महतो शंकास्पद रुपमा हिडडुल गरिरहेको प्रहरीले देखि निजलाई रोकी सोधपुछ गर्दा निज प्रतिवादी रिस आवेशमा आई प्रहरीलाई गाली गलौज गरी अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारबाही होस् भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादीलाई शंकास्पद रुपमा हिडडुल गरिरहेको प्रहरीले देखि निजलाई रोकी सोधपुछ गर्दा निज प्रतिवादी रिस आवेशमा आई प्रहरीलाई गाली गलौज गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको र निज उपर यस अघि लागु औषध कसुर मुद्दा र सार्वजनिक शान्ति बिरुद्धको कसुर अपराधमा समेत मुद्दा चलेको CRS अभिलेखबाट देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी शिवलाल महतोलाई कैद १ महिना १९ दिन ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**<u>तपसिल खण्ड</u>**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी शिवलाल महतोलाई ठहरेको कैद १ महिना १९ दिनको हकमा निज मिति २०८१/१०/२४ देखि २०८१/११/१२ सम्म १९ दिन हिरासतमा बसी कैद भुक्तान गरिसकेकोमा बाँकी कैद १ महिना भुक्तान गराउन कारागार कार्यालय, पर्सालाई पत्र लेखु ------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु----------------------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ फाल्गुन महिना १३ गते मंगलवार रोज ३/ ने.सं. ११४५ सिल्लागा द्वादशी, शुभम् ........